# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक ३४० | बुटवल | २०८१ पौष ०२, गते मंगलबार | नेपाल संवत ११४५ | Tuesday Dec. 17, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१


## एमालेलाई जग्गा दिनविरुद्धको रिट खारेज




बुटवल । सर्वोच्च अदालतले भाटभटेनी डिपार्टमेन्ट स्टोरका सञ्चालक मिनबहादुर गुरुङबाट जग्गादान लिने एमालेको निर्णयलाई सर्वोच्च अदालतले कानूनसम्मत ठहऱ्याएको छ ।

जग्गादानको घोषणाविरुद्ध दायर भएको रिट निवेदन सर्वोच्च अदालतको संयुक्त इजलासले खारेज गरेको हो ।

न्यायाधीशहरू अब्दुल अजीज मुसलमान र बालकृष्ण ढकालको इजलासले रिट निवेदन खारेज गरेको विवरण सर्वोच्च अदालतले वेबसाइटमा राखेको छ । तर आदेशको विवरण सार्वजनिक भइसकेको छैन । गत दसैंको फुलपातीको दिन भाटभटेनी डिपार्टमेन्ट स्टोरका सञ्चालक मीनबहादुर गुरुङले एमाले केन्द्रिय कार्यालयका लागि जग्गा दान दिने घोषणा गर्दै अर्कोवर्षभित्र भवन समेत बनाइदिने घोषणा गरेका थिए । कतिपय मुद्दाहरुको सामना गरिरहेका व्यक्तिबाट सत्तारुढ दलले सहयोग लिँदा स्वार्थको द्वन्द्व हुने र त्यसले नीतिगत मामिलामा समेत असर पर्ने भन्दै अधिवक्ता डा. ज्ञानबहादुर बस्नेतलगायतले सर्वोच्च अदालतमा रिट निवेदन दर्ता गरेका थिए ।

१२ कार्तिकमा सर्वोच्च अदालतले अल्पकालिन अन्तरिम आदेशमार्फत् भवन निर्माण प्रक्रिया अघि नबढाउन आदेश दिएको थियो । त्यही मुद्दा पूर्ण सुनुवाइपछि खारेज भएको हो ।

## मन्त्रीले नेपाली कपडा लगाउनुपर्ने

काठमाडौं । सरकारले सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ स्वीकृत गरेको छ ।

गत २८ मंसिरमा बसेको मन्त्रिपरिषद् बैठकले सो निर्देशिका स्वीकृत गरेको सरकारका प्रवक्ता एवं सूचना, सञ्चार तथा प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले जानकारी दिए । उनका अनुसार सार्वजनिक निकाय र कार्यक्रमहरूमा स्वदेशमै उत्पादन भएका वस्तुहरूको प्रयोग गर्नुपर्नेछ ।

'सार्वजनिक निकाय र कार्यक्रमहरूमा स्वदेशमै उत्पादन भएका वस्तुहरूको प्रयोग गर्ने । उदाहरणका लागि डस्टबिन पनि स्वदेशी हुनुपऱ्यो,' गुरुङले भने-'हाम्रो टेबलमा राख्ने चिज पनि स्वदेशी हुनुपर्यो । विभिन्न मन्त्रीहरूले लगाउने ड्रेस पनि स्वदेशी हुनुपऱ्यो ।'

## धितोपत्र बोर्डका अध्यक्ष नियुक्तिविरुद्ध अख्तियारमा उजुरी




**लुम्बिनी संवाददाता**
*बुटवल*

नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठको योग्यतामा प्रश्न उठाउँदै अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ ।

नवनियुक्त अध्यक्ष श्रेष्ठको योग्यताबारेमा कुनै जानकारी नदिइनु र अर्थ मन्त्रालयले समेत आधिकारिक योग्यता विवरण सार्वजनिक नगरिनु भ्रष्टाचार भएको भन्दै अख्तियारमा उजुरी दर्ता भएको हो ।

तत्काल छानबिन गरी कारबाहीको माग गरिएको उक्त उजुरी अख्तियारले सी-०३५३८४/२०८१/०९/०१ नम्बरमा दर्ता गरेको छ । सूचनाको हक प्रयोग गर्दै अर्थ मन्त्रालयमा योग्यता नपुग्ने भन्दै निवेदन दर्ता गरे पनि मन्त्रालयले योग्यताको विवरण उपलब्ध नगराएको उजुरीमा भनिएको छ ।

यस्तै नियुक्तिमा ५ अर्ब रकमको चलखेल भएको कुरामा पनि मन्त्रालयले बेवास्ता गरेको भन्दै अख्तियारलाई अनुसन्धान गर्न भनिएको छ ।

'पाँच अर्ब कमिसन प्रकरणमा जोडिएका भनिएका परराष्ट्रमन्त्री, अर्थमन्त्रीको समेत सम्बन्धलाई छानबिन गरियोस् ।'- उजुरीमा उल्लेख छ । यस्तै उजुरीमा नयाँ स्टक एक्स्चेन्जमा पनि भ्रष्टाचार भएको हुन सक्ने भएको भन्दै छानबिन गर्न भनिएको छ ।

उजुरीमा हिमालयन रि इन्स्योरेन्स र लघुबीमाको लाइसेन्स दिंदा पनि भ्रष्टाचार भएको भन्दै त्यसउपर अनुसन्धान गर्दै बोर्डका तत्कालीन अध्यक्ष रमेश हमालसहित अन्य कर्मचारीहरु कार्यकारी निर्देशक मुक्तिनाथ श्रेष्ठ, कृष्ण पोखरेल,अम्बिका गिरीलगायतको सम्पत्तिमाथि समेत छानबिन गर्नुपर्ने माग गरिएको छ ।

### सहकारी ठगी प्रकरण :

# रविसहित ५१ जना प्रतिवादी







**लुम्बिनी संवाददाता**
*पोखरा*

पोखराको सूर्यदर्शन सहकारी ठगी प्रकरणमा पूर्वगृहमन्त्री रवि लामिछानेसहित ५१ जनालाई प्रतिवादी बनाउनुपर्ने रायसहितको अनुसन्धान प्रतिवेदन जिल्ला प्रहरी कार्यालय कास्कीले बुझाएको छ ।

रवि सहकारी ठगी, संगठित अपराध एवं सम्पत्ति शुद्धीकरणमा रवि दोषी भएको जिकिरसहित कास्की प्रहरीले सोमबार जिल्ला सरकारी वकिल कार्यालयमा उक्त प्रतिवेदन बुझाएको छ । जसमा ५१ जनालाई प्रतिवादी बनाउन माग गरिएको कास्की प्रहरीका प्रवक्ता तथा डीएसपी वसन्तकुमार शर्माले बताए ।

५१ जनालाई प्रतिवादी बनाउन माग गरिएकाहरुमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति तथा पूर्वगृहमन्त्री रवि लामिछाने, नेपाल प्रहरीका पूर्वडीआइजी छविलाल जोशीलगायत छन् ।

५१ जनामध्ये ३७ जना फरार प्रतिवादी छन् । अहिले प्रतिवादी बनाउन सिफारिस गरिएकामध्ये १४ जना मात्रै पक्राउ परेका छन् । बाँकी ३७ जना फरार रहेकाले उनीहरुको खोजी जारी रहेको प्रहरीले जनाएको छ ।

५१ जनाविरुद्ध १ अर्ब ५१ करोड ४० लाख १९ हजार १९४ रुपैयाँ बिगो मागदाबी गरिएको डीएसपी शर्माले बताए । सोमबार सरकारी वकिल कार्यालयमा पुगेको उक्त प्रतिवेदन अध्ययनपश्चात् जिल्दा अदालत कास्कीमा दर्ता हुनेछ ।

जोशीलाई ६ असोजमा प्रहरीले पक्राउ गरेको थियो भने लामिछानेलाई २ कात्तिकमा पक्राउ गरिएको थियो । यसका साथै नेचर हर्ब्सका सञ्चालक रामबहादुर खनाल, जीबी राईलगायतलाई पनि प्रतिवादी बनाइएको छ ।

संगठित अपराधमा मुख्य योजनाकारका रूपमा रविका साथै उनका व्यावसायिक साझेदारहरू जीबी राई, छविलाल बन्जाडे जोशी र कुमार रम्तेललाई किटान गरिएको छ ।

सम्पत्ति शुद्धीकरणमा रविले २१ करोडभन्दा बढीको शंकास्पद एवं गैरकानुनी कारोबार गरेको भन्दै मुद्दा चलाउन प्रहरीले राय दिएको राय छ ।

प्रहरी प्रतिवेदन अध्ययनपछि सरकारी वकिलले अदालतमा अभियोगपत्र दायर गर्नेछ । पुस ५ गतेभित्र मुद्दा दायर गरिसक्नुपर्ने कानुनी बाध्यता छ ।

सम्पत्ति शुद्धीकरणमा पक्राउ परेको ९० दिनभित्र अनुसन्धान गरी अदालतमा मुद्दा दायर गरिसक्नुपर्ने कानुनी व्यवस्था छ ।

प्रतिनिधिसभा सदस्य सूर्य थापा नेतृत्वको संसदीय समितिको प्रतिवेदनले पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम बचत तथा ऋण सहकारी संस्था, काठमाडौंको स्वर्णलक्ष्मी सहकारी संस्था, साहारा चितवन बहुउद्देश्यीय सहकारी संस्था, वीरगञ्जको सानो पाइला बचत तथा ऋण सहकारी संस्था र नेपालगञ्जको समानता सहकारीको रकम गोर्खा मिडियामा लगेर अपचलन गर्ने काममा रविको पनि संलग्नता देखिएको भन्दै कारबाही सिफारिस गरेको थियो । त्यसपछि उनीहरुमाथि अनुसन्धान अघि बढाइएको थियो ।

रवि गएको कात्तिक २ गते काठमाडौँबाट पक्राउ परेका थिए । त्यसयता उनी कास्की प्रहरीको हिरासतमा छन् ।

रविलाई रुपन्देही, काठमाडौँ, चितवन र वीरगन्ज लगेर पनि बयान लिइएको थियो ।

पाँचवटा सहकारीबाट करिब ६८ करोड रुपैयाँ गैरकानुनी रुपमा गोरखा मिडियामा परिचालन गरी संगठित तवरले ठगी गरेको प्रहरीको निष्कर्ष छ ।

## बुटवल मेलाको तयारी पूरा




बुटवल । 'लगानी लुम्बिनीमा, समृद्धि देशमा' भन्ने मूल नारासहित बुटवलमा बुधबार (भोली) देखि सुरु हुने औद्योगिक व्यापार मेलाको तयारी पूरा भएको छ । बुटवल उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजना तथा बुटवल उप-महानगरपालिका र नेपाल उद्योग वाणिज्य महासंघको संरक्षकत्वमा अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र बुटवल मण्डपमा औद्योगिक व्यापार मेला बुटवल-२०८१ गर्न लागिएको हो ।

मेलाको तयारी पूरा भएको आयोजक बुटवल उद्योग वाणिव्य संघ रुपन्देहीले सोमबार मेला सचिवालयमा पत्रकार सम्मेलन गरि जानकारी गराएको हो । २०४१ सालमा उपत्यका बाहिर पहिलो पटक बुटवलमा औद्योगिक प्रदर्शनी गरेको बुटवल उद्योग वाणिज्य संघले आयोजना गरेको यो २४औं संस्करणको औद्योगिक व्यापार मेला हो ।

बटुवलमा आयोजना हुने मेला तथा महोत्सवको विशिष्ट पहिचानलाई व्यापकता दिन र यस क्षेत्रमा उद्यमशीलता विकासको माध्यमबाट नयाँ औद्योगिक लगानी र व्यवसायिक क्षेत्रहरुको खोजी गरी रोजगारीका अवसरहरु सिर्जना गर्न अझ परिस्कृत रुपमा यो मेलाको आयोजना गरिएको संघका अध्यक्ष तथा मेला कार्यसम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालले जानकारी गराए ।

औद्योगिक उत्पादनको प्रवर्द्धन, कृषि, पर्यटनको प्रवर्द्धन तथा व्यवसायीकरणका लागि विशेष महत्वका साथ आयोजना गरिएको औद्योगिक व्यापार मेलामा कृषि, सेवा, हस्तकला, इलेक्ट्रिक एण्ड इलेक्ट्रोनिक्स, ब्यूटि, गार्मेन्ट, जुत्ता, एफएमसिजी (फूड एण्ड वेभरेज), अटोमोवाइल्स र होटलको छुट्टा छुट्टै १० वटा पेभिलिन रहनेछन् । मेलामा औद्योगिक प्रदर्शनी, हस्तकला प्रदर्शनी, कृषि प्रदर्शनी र प्रविधिको प्रदर्शनी तथा बिक्री वितरण, विभिन्न विधामा प्रतियोगितात्मक कार्यक्रम सहित सांस्कृतिक सांगीतिक कार्यक्रम हुनेछन् ।

१६ दिनसम्म सञ्चालन हुने मेलामा ५ सय स्टल सहभागी हुने छन् भने ५ लाख बढी दर्शकले अवलोकन गर्ने र मेलाभित्र १५ करोड बढीको कारोबार हुने अनुमान गरिएको पनि उनले जानकारी गराए । मेलालाई अहिलेसम्म भएका मेलाभन्दा धेरै फरक बनाउने गरी तयारी गरिएको र त्यसको लागि कार्यसम्पादन समितिका पदाधिकारी, सदस्य तथा विषयगत समितिका संयोजकहरु लागि परेको कार्यसम्पादन समितिका सदस्य सचिव तथा प्रवक्ता मुक्तिप्रसाद अधिकारीले बताए ।

मेला अवधिभर लोकदोहोरी प्रतियोगिता, भ्वाइस अफ बुटवल, विद्यालयस्तरीय लोक दोहोरी प्रतियोगिता, माध्यमिक विद्यालयस्तरीय लोकनृत्य प्रतियोगिता, भजन चुट्का प्रतियोगिता, हास्यव्यङ्ग्य प्रतियोगिता, ब्युटि शो र टिकटक प्रतियोगितालगायतका प्रतियोगिता गरिने छ । त्यसैगरी ख्यातीप्राप्त कलाकारहरुको प्रस्तुती रहने मेला कार्यसम्पादन समितिका सदस्य तथा प्रचारप्रसार उपसमितिका संयोजक दीपकप्रसाद चापागाईंले बताए ।

मेला अवलोकन गर्न आउने सर्वसाधारणका लागि ७० रुपैयाँ र विद्यार्थीका लागि ५० रुपैयाँ टिकट शुल्क निर्धारण गरिएको छ । त्यस्तै जेष्ठ नागरिक, असक्त, अपांगता भएका व्यक्तिका लागि निःशुल्क टिकटको व्यवस्था मिलाइएको छ ।

## बेचन झा र प्रतिक थापा थुनामै





बुटवल । उच्च अदालत पाटनले नक्कली शरणार्थी प्रकरणमा मुछिएका बेचन झालाई थुनामै पठाउन आदेश गरेको छ ।

जिल्ला अदालत काठमाडौंले आफूलाई गैरकानूनी रुपमा थुनामा पठाएको भन्दै झाले उच्च अदालत पाटनमा निवेदन दिएका थिए । निवेदनमाथिको सुनुवाइपछि उच्च अदालतले जिल्ला अदालतको आदेश नै सदर गरेको हो ।

झामाथि अरु आरोपितहरूलाई झैं ठगी, लिखत किर्ते, राज्यविरुद्धको अपराध अनि संगठित अपराधको आरोप थियो । न्यायाधीशहरू अञ्जु उप्रेती ढकाल र कैलाशप्रसाद सुवेदीको इजलासले झाका साथै प्रतिक थापालाई पनि थुनामा राख्ने काठमाडौं जिल्ला अदालतको आदेशलाई सदर गरेको हो ।

दुवैलाई २ भदौ २०८१ मा जिल्ला अदालत काठमाडौंले थुनामा राख्न आदेश दिएको थियो ।




## सम्पादकीय

# कैदीलाई आयमूलक काम

कारागारका कैदी र बन्दीलाई आयमूलक काममा लगाउने प्रयास भएका छन्, ती प्रयास सकारात्मक छन् । उनीहरुलाई आयमूलक काममा लगाउँदा एकातिर उनीहरु थुनामुक्त हुँदा केही पुँजी जम्मा हुने र अर्कोतिर काममा व्यस्त हुँदा उनीहरुको श्रृजनशिलता कायमै रहन्छ। कामविना थुनामा रहँदा उनीहरुमा आउने दिक्दारी र छटपटी हुनसक्छ, उनीहरु मानसिक रुपमा तन्दुरुस्त नहुन सक्छन् । तसर्थ पनि कारागारमा रहेका बन्दी र कैदीलाई सीपमूलक तालिम दिएर काममा लगाउने काम प्रशंसनीय छ।

गुल्मी जिल्ला कारागारका कैदी बन्दीले बनाएका फर्निचर र हस्तकलाका सामग्रीको कारोबार ८ करोडको हुन्छ। गुल्मी कारागारका अधिकांश कैदी बन्दीले कुनै न कुनै काम  गर्छन् । फर्निचरलगायत सीप भएकाले मासिक ३२ हजारसम्म कमाउँदै आएका छन् । सीप नभएका तर काम गर्न जाँगर भएका तथा सीप सिक्न इच्छुकले मासिक ८ हजार कमाउँदै आएको कारागार प्रशासनका अधिकारीहरुको भनाइ छ। त्यसैगरी, दाङ कारागारमा पनि कैदी र बन्दीलाई विभिन्न सीपमूलक तालिम दिएर विभिन्न सामग्री उत्पादन गर्न थालिएको छ। विभिन्न फर्निचर र हस्तकलाका सामान बनाएर उनीहरुले बेच्दै आएका छन् ।

कुनै अपराधका अभियुक्त मुद्दाको किनारा नलाग्दासम्म प्रहरी हिरासत हुँदै बन्दी कारागारमा पुग्छन् । मुद्दाको टुंगो लागेपछि अदालतले गरेको फैसला अनुसार सजाय भुक्तान गर्न कारागारमा कैदी बस्छन्। कारागारको चौघेराभित्र बसेका  कैदी बन्दी काम गर्ने अवसर पाउँदा जेलजीवन सहज हुन्छ, त्यसो हुँदा जेलबाट निस्केपछिको जीवन पनि सहज हुनसक्छ । कारागारबाट निस्केपछिको अनिश्चित जीवनले पनि उनीहरुलाई पिरोलिरहेको हुन्छ। सुधार गृह हुनुपर्ने कारागार अपराधलाई झन संस्थागत गर्ने थलो भयो भनेर आलोचना हुँदै आएको छ। कारागारबाट निस्केपछि कतिपय  जघन्य अपराधमा संलग्न भएका घटनाले त्यसलाई पुष्टि गर्दै आएको छ। गुल्मी र दाङ कारागारमा कैदी र बन्दीका लागि काम गर्ने अवसर उपलब्ध गराएर सुधार गृह बनाउने प्रयास अन्यत्रका लागि पनि नमूना हुनसक्छ।

कारागार सुधारका लागि दशक अघि तत्कालीन गृहमन्त्री वामदेव गौतमले अपराधशास्त्री डा. युवराज संग्रौलाको नेतृत्वमा कारागार सुधार कार्यदल गठन गरेका थिए। संग्रौलाको कार्यदलले बुझाएको प्रतिवेदनमा बाँकेमा कृषि फार्मिङसहितको खुला कारागार बनाउने, त्रिशुलीमा औद्योगिक कारखाना सहितको कारागार बनाउने र भीमफेदीको कारागारलाई स्तरोन्नति गर्ने सुझाव दिएको थियो । बाँकेको खुला कारागारमा साना-साना घर  बनाउने, त्यही घरमा परिवारसँग केही दिन बिताउन समेत दिने र उनीहरुलाई खेतीपातीमा लगाउने तथा त्रिशुलीको औद्योगिक कारखानासहितको  कारागारमा औद्योगिक उत्पादनमा लगाउने कार्यदलको प्रतिवेदनमा उल्लेख छ ।  यो प्रतिवेदन कार्यान्वयनमा ल्याइएन्। देशभरका कारागारलाई सुधार गृहको रुपमा विकास गर्न संग्रौला कार्यदलको प्रतिवेदन कार्यान्वयन गर्न किन बेवास्ता गरिएको छ ? गुल्मी र दाङ कारागारले गरेको उद्यमशिलताको नमूना कामबाट अरु कारागारले पनि सिक्नुपर्छ।

# १० करोडको कारोबार गर्दै सकियो नवौं लुम्बिनी राष्ट्रिय महोत्सव

**मोहम्मद हबिब**

*भैरहवा ।*




भैरहवामा भएको नवौं लुम्बिनी राष्ट्रिय महोत्सव १० करोडको कारोबार गर्दै सकिएको छ।

सिद्धार्थ उद्योग वाणिज्य संघ रुपन्देहीको आयोजनामा मंसिर २० देखि पुस १ गतेसम्म सञ्चालित मेलामा आन्तरिक र भारतीय गरी ३ लाख दर्शकले अवलोकन गरेका हुन् । सुस्ताएको अर्थतन्त्र र बजारलाई चलायमान बनाउने उद्देश्यसहित भएकोमेलाले क्रेता-बिक्रेताबिच प्रत्यक्ष भेटघाट भएको र यसले उद्योगी-व्यवसायी र उपभोक्ताबिचको सामिप्यतालाई अझैं प्रगाढ बनाएको आयोजकले जनाएका छन् ।

'पर्यटन, उद्योग, कृषि र व्यापार, राष्ट्रिय समृद्धिको आधार' भन्ने मूल नाराका साथ आयोजना गरिएको महोत्सवमा आएर नयाँ उद्यम गर्न चाहनेले उद्यमशीलता बन्ने उपाय र योजना सिकेको संघले दाबी गरेको छ।  'सबै स्टल धनीहरुले आफ्नो बस्तु तथा सामान बिक्री गर्नुभयो । यसबाट सबै स्टल धनीहरु उत्साहित भएको हामीले पाएका छौं', संघका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले भने-'पक्कै पनि महोत्सवले बजारलाई केही समय चलायमान बनायो। निरास रहेका उद्योगी-व्यवसायीमा उत्साह थपेको छ।'

महोत्सवको समापन समारोहमा बोल्दै लुम्बिनी प्रदेशका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले सबै उत्पादनको एकै थलोमा प्रदर्शनी गरिँदा आर्थिक क्षेत्रलाई चलायमान बनाउन महत्वपूर्ण योगदान पुग्ने बताए । उनले मुलुकको समृद्धिको आधार पर्यटन क्षेत्र भएको बताउँदै ऐन, कानून सुधार र परिमार्जन गरेर भए पनि पर्यटकीय वातावरण बनाउनुपर्नेमा जोड दिए।

मन्त्री न्यौपानेले गौतमबुद्ध विमानस्थलमा दुईचार वटा जहाज उड्दैमा केही नहुने भन्दै कम्तिमा दैनिक ५० विमान उडान-अवतरण गर्ने व्यवस्था मिलाउनु पर्ने बताए । 'हामीले पर्यटनका कुरा गर्छौं, अर्बौं खर्चिएर बनाएको विमानस्थलमा विमान उड्दैनन्। नाकाका पर्यटकलाई सास्ती दिइन्छ', उनले भने-'अब सुधार गरौं । पर्यटकमैत्री वातावरण बनाऔं । सबैले म-म भनेर काम गरे समस्या समाधान हुन्छ।' उनले विश्वका धेरै मुलुकले पर्यटनबाटै समृद्धि हासिल गरेको जनाउँदै नेपालले पनि यसका लागि काम गर्नुपर्ने बेला आएको जनाए। भैरहवामा आयोजित महोत्सवले निजी क्षेत्रमा आशाको सञ्चार पैदा गरेको आफूले पाएको उनले बताए।

नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष हेमराज ढकालले विशिष्टिकृत मेलामहोत्सवले आर्थिक गतिविधिलाई बढवा दिने जनाए । उनले राजनीतिक स्थिरता नहुँदा उद्योगी-व्यवसायी, आमनागरिकले समस्या भोगिरहेको जनाउँदै यस्तै अवस्था रहे सरकार पनि कठिन मोडमा पुग्न सक्ने बताए। लुम्बिनी प्रदेशसभा सदस्य सन्तोषकुमार पाण्डेयले अहिले निजी क्षेत्र निराश बनिरहेको जनाउँदै पर्यटनका माध्यबाट यसलाई माथि उकास्नु पर्नेमा जोड दिए।

नेपाल उद्योग वाणिज्य महासंघ लुम्बिनी प्रदेशका उपाध्यक्ष बालकृष्ण सुवेदी, संघका पूर्वअध्यक्ष महेन्द्रकुमार श्रेष्ठ, लुम्बिनी निर्माण व्यवसायी संघकी अध्यक्ष मञ्जु भुसाल, लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझीले स्वदेशी उत्पादनको प्रवर्द्धन र विकासका लागि महोत्सव कोशेढुंगा सावित भएको जनाए।

संघका वरिष्ठ उपाध्यक्ष नेत्रप्रसाद आचार्यले नाफा कमाउने नभई सुस्ताएको अर्थतन्त्रलाई चलायमान बनाउन महोत्सव आयोजना गरिएको जनाए। 'यो महोत्सवले सबै क्षेत्रमा आशाको सञ्चार पैदा गरेको छ । यहाँ आएका सबै उद्योगी-व्यवसायी खुशी हुनुहुन्छ', उनले भने-'सरकारी तहबाट पनि निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्ने र समस्यामा साथ दिने हो भने अहिलेको सुस्ताएको आर्थिक अवस्थालाई माथि उठाउन सकिन्छ।'

संघका महासचिव कृष्णप्रसाद घिमिरेले महोत्सवमा मुलुकका ४० जिल्लाका उत्पादन प्रदर्शनी गरिएको बताए । 'महोत्सवमा निःशुल्क माटो परीक्षण समेत भयो। महिलाहरुलाई स्वरोजगार बनाउन मेहन्दी लगाउने तालिम, भैरहवा आइडल र भ्वाइस अफ भैरहवा, नवउद्यमशीलता तालिम गरियो', उनले भने-'महोत्सवले कृषि, पर्यटन, अटो मोबाइल्स, घरेलु उत्पादनको विशेष प्रवर्द्धन गरेको छ।'

समापनको अवसरमा र्‍याली, स्टल, भैरहवा आइडल, भ्वाइस अफ भैरहवा, मेहन्दी प्रतियोगिता, विद्यालयस्तरीय नृत्यमा उत्कृष्ट भएकालाई नगदसहित पुरस्कृत गरिएको थियो। महोत्सवमा स्थानीय खाना र उत्पादनलाई विशेष प्राथमिकता दिएर प्रदर्शनी गरिएको थियो।


## सडक डिभिजन
शिवपुर, कपिलवस्तु

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८१/०९/०२

यस डिभिजनको२०८१/०७/२७मितिमा आर्थिकदैनिकमा प्रकाशित सूचनाअनुसार www.bolpatra.gov.np/egpमार्फत दर्ता हुन आएका बोलपत्रहरु मध्ये न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही तपशिल बमोजिमको बोलपत्र स्वीकृतिको लागि सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(२)को प्रयोजनार्थबोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीको लागि प्रकाशित गरिएको छ।

| S.N | Bid Notice No. | Contract No | Description of works | Name of Successful Bidder | Bid Amount. NRS(Excluding PS & VAT) |
|---|---|---|---|---|---|
| 1 | 05/RD-SPR/2081/082 | RDSPR/337310113/081/82/05(Re2) | Periodic Maintenance works on Thada-Ghumti NH51-005 (CH: 50+820 to CH: 64+000) Road, Arghakhanchi | M/S Sons & Sons - Barytech - SK J.V., Kathmandu, Nepal | 31,896,620.50 |

डिभिजन प्रमुख



## Bhumikasthan Municipality
**Office of the Municipal Executive**
**Nuwakot, Arghakhanchi**
**Lumbini Province, Nepal**

## Invitation for Sealed Quotation

First Notice Publication Date :17-12-2024 (2081-09-02)

1. The Bhumikasthan Municipality invites sealed quotations through e-GP system i.e www.bopatra.gov.np/egp- from registered contractors for the construction of Motorable RoadConstruction works.
2. Eligible Bidders may obtain further information and inspect the Sealed quotation Forms by visit PPMO website www.bolpatra.gov.np.
3. Sealed Quotation Forms may be purchased by eligible Bidders to submit their bid electronically shall deposit the cost of bidding document NRs.1000/- in the account specified below:
   ***Deposit the Cost of Bidding Document the Bank Address is:***
   Name of the Bank: Prabhu Bank Ltd.
   Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
   Account Name :Internal Revenue.
   Office Account no: 2587086986800138
4. Bid Security must be valid for a period of 45 days after bid opening and shall be valid for 30 days beyond the validity period of the bid i.e. 75 days.
   Cash Deposit Account for Bid Security the Bank Address is:
   Name of the Bank: Prabhu Bank Ltd.
   Name of the Office: Bhumikasthan Municipality, Arghakhanchi.
   Account Name :Dharouti Account
   Office Account no: 2587086986800048
5. Sealed Quotations must be submitted through e-GP system i.e www.bopatra.gov.np/egp on or before 01-01-2025 12:00 hours . Bids received after this deadline will be rejected.
6. Sealed Quotations shall be opened in the presence of Bidders' representatives who choose to attend at 01-01-2025 12:00 hours at the office of Bhumikasthan Municipality.

**Bidders other detailsare as given below:**

| Contract ID | Name of Contract | Estimated Amount (Exclusive VAT and Contingencies) | Bid Security Amount In NRs | BID Document Purchase Date and Time |
|---|---|---|---|---|
| 19/BMA/W/WS/2081/082 | DhungabotRamkot Lift Water Supply Scheme. | 865,800.00 | 25000 | 31-12-2024 AD 16:00 hrs. (2081-09-16 BS 16:00 hrs.) |
| 20/BMA/W/RM/2081/082 | SursingUthum KusunnekholaMotorable Road Construction Works. | 737,481.86 | 21500 | |
| 21/BMA/W/TEM/2081/082 | ThatolaBhagawati-MandirJirnodwar Works | 467,893.69 | 14000 | |

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bidsubmission.


### स्व.शेरबहादुर सेन्चुरी टी-२० क्रिकेटः

# देवदह बुद्ध र न्यू होराइजन उपाधिमा भिड्ने







भैरहवा । ११औं संस्करणको 'स्वर्गीय शेरबहादुर सेन्चुरी स्मृति टी-२० अन्तरविद्यालय क्रिकेट प्रतियोगिता'मा देवदह बुद्ध मावि र न्यू होराइजन मावि उपाधिका लागि भिड्ने पक्का भएको छ।

सोमबार भएको पहिलो सेमिफाइनलमा देवदह बुद्धले रुपन्देही लीलाराम न्यौपाने माविलाई ६ विकेट र न्यू होराइजनले युनिक होम्स् इङ्गलिस बोर्डिङ हाई स्कूललाई ७१ रनले हराउँदै फाइनल यात्रा तय गरेका हुन् । अब यी दुई टीमबिच मंगलबार उपाधिका लागि प्रतिस्पर्धा हुनेछ।

भैरहवास्थित सिद्धार्थ रंगशालामा भएको पहिलो सेमिफाइनलमा टस हारेर ब्याटिङको निम्तो पाएको लीलारामले निर्धारित २० ओभरमा १८ ओभर खेल्दै सबै विकेट गुमाएर ७८ रनको सामान्य लक्ष्य प्रस्तुत गर्यो। उसका लागि फैजन अहम्मद मुसलमानले २०, विशाल बरईले १४, अबु हम्जा खानले १३ र समिर मोहम्मदले १२ रन बनाए। बलिङमा देवदह बुद्धका रोहित कुँवर, प्रिन्स शर्मा र आयुष विकले ३-३ तथा कृष केसीले १ विकेट हात पारे।

जवाफी ब्याटिङ गरेको देवदह बुद्धले १३ ओभर १ बलमा ४ विकेटको क्षतिमा ८० रन बनाउँदै सहजै जित निकाल्यो र फाइनल यात्रा पक्का गर्यो । उसको जितमा रोहित कुँवरले अविजित २१ र दिक्सन थापाले नटआउट ११ रनको योगदान दिए । बलिङमा लीलारामका मोहम्मद अयुबले २ तथा फैजन अहम्मद मुसलमान र अजाउद्दिन धोवीले १-१ विकेट लिए। खेलमा रोहित कुँवर प्लेयर अफ द म्याच भई पाँच सय रुपैयाँ प्राप्त गरे।

दोस्रो सेमिफाइनलमा टस हारेर ब्याटिङको निम्तो पाएको न्यू होराइजनले १९ ओभर २ बलमा सबै विकेट गुमाउँदै ८९ रन बनायो। उसका लागि राहुल नाउले ३३ र प्रिन्स पालले १७ रनको योगदान गरे । बलिङमा युनिक होम्सका रन्जित यादव, अरुण सिंह र आदित्य रौनियारले ३-३ तथा सविर आलमले १ विकेट लिए।

प्रतिउत्तरमा सामान्य लक्ष्य पछ्याएको युनिक होम्स ९ ओभर १ बलमा सबै विकेट गुमाएर जम्मा १८ रनमै समेटियो र हार व्यहोर्यो। उसका लागि अरुण सिंहले सर्वाधिक ७ रन बनाए। बलिङमा उसलाई सस्तैमा रोक्न न्यू होराइजनका सुप्रिम कँडेलले ४ ओभरमा १ मेर्डनसहित ११ रन खर्चेर ५ विकेट लिए।

यस्तै, प्रिन्स पालले ४ ओभरमा १ मेर्डनसहित ४ रन खर्चेर ४ विकेट लिँदा निरज घिमिरेले १ विकेट हात पारे। खेलमा सुप्रिम कँडेल प्लेयर अफ द म्याच भई पँच सय रुपैयाँ प्राप्त गरे।

रुपन्देही क्रिकेट संघको आयोजना र पर्वत ज्वेलर्स, बैंकरोड, भैरहवाको मुख्य प्रायोजनामा जारी प्रतियोगिताको विजेता टिमले ५० हजार, उपविजेताले २५ हजारसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, म्यान अफ द सिरिजले १० हजार, बेष्ट ब्याटर र बेष्ट बलरले जनही ५ हजार, प्रत्येक खेलको म्यान अफ द म्याचले ५ सय तथा बेष्ट अनुशासित टिमले ट्रफी र प्रमाणपत्र प्राप्त गर्नेछन्।

Lumbini Province Government
Ministry of Physical Infrastructure Development
Transport Infrastructure Directorate

## Road Infrastructure Development Office

Arghakhanchi

# Invitation for Online Bids

Date of publication: 17th December, 2024 (2081-09-02)

Road Infrastructure Development Office (RIDO), Arghakhanchi invites electronic bids from eligible bidders under PPMO's e-GP system www.bolpatra.gov.np/egpfor following works under National Competitive Bidding. All other information and Bid Document can be downloaded from PPMO's e-GP system www.bolpatra.gov.np/egp

***Information to deposit the cost of bidding document in Bank(NRs. 3000):***

Name of the Bank: Rastriya Banijya Bank Ltd., Sandhikharka.
Name of the Office: Road Infrastructure Development Office, Arghakhanchi.
Rajaswa Shrishak No.:- 14229; Rajaswa Account No.: 1000200010000
Last Date of Bid Purchase and Submission:17th January, 2025 (2081-10-04)12:00 Hrs.

| S.N. | Name of Project/Contract No. | Estimated Amount Excluding VAT | Bid Security Amount with Validity up to 17th May, 2025 |
|---|---|---|---|
| 1 | Bihara Kabira Laharebagh Jogimare Chauri Sadak Sandhikharka 10 ra 11 Malarani-01 / RIDO-ARG-W-NCB-135-2081/082 | 1,72,41,336.73 | 4,40,000 |
| 2 | Ghumti Palpa sadak antargat Ghumti Neta matarbato marmat gari kaloptre garne karya 3.5KM/ RIDO-ARG-W-NCB-136-2081/082 | 86,20,676.86 | 2,20,000 |
| 3 | Thada Jukena Road, Arghakhanchi/ RIDO-ARG-W-NCB-137-2081/082 | 86,20,653.97 | 2,20,000 |
| 4 | Bankasbas, Khayrabatti Tikkar Bikram Toribari Saljhandi Sadak Shitganga 14,13,12,11/ RIDO-ARG-W-NCB-138-2081/082 | 64,65,515.10 | 1,65,000 |
| 5 | Panini Ga.Pa. Myaldhap Panena Hatiya Dhaleka Pipal Sadhanbutta Durgaphant sadak starunnati/ RIDO-ARG-W-NCB-139-2081/082 | 34,48,265.48 | 90,000 |

GOVERNMENT OF LUMBINI PROVINCE
MINISTRY OF ENERGY,WATER RESOURCES AND IRRIGATION
WATER RESOURCES & IRRIGATION DEVELOPMENT DIVISION OFFICE
Sandhikharka,Arghakhanchi
First Date of Publication:2081/09/02(2024/12/17)

# Invitation for Online National Competitive Bidding(NCB)

1.Water Resources and Irrigation Development Division ffice,Arghakhanchi invites electronic bids from eligible bidder.

| S. N. | Contract No. | Description of work | Estimated Amount Inluding VAT | Bid Security Amount (Nrs.) | Fee for Bid Document (Nrs.) | Last Date of Bid Submisssion | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WID-DARG/ NCB-18/081-82 | Construction of Canal & Canal Structure Works at Sandhikharka -8 & Bhumikasthan-4,Arghakhanchi | 2206462.33 | 60000 | 3000 | 2025-01-16 12:00 Hrs. | 2025-01-16 1:00 Hrs |
| 2 | WID-DARG/ NCB-19/081-82 | Construction of Canal & Canal Structure Works at Bhumikasthan-2, Arghakhanchi | 2110713.84 | 55000 | 3000 | 2025-01-16 12:00 Hrs. | 2025-01-16 1:00 Hrs. |

**Invitation for Online Sealed Quotation(SQ)**

| S. N. | Contract No. | Description of work | Estimated Amount Inluding VAT | Bid Security Amount (Nrs.) | Fee for Bid Document (Nrs.) | Last Date of Bid Submisssion | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|
| 1 | WID-DARG/SQ-17/081-82 | Construction of Canal & Canal Structure Works at Bhumikasthan-2,Arghakhanchi | 1439338.83 | 40000 | 1000 | 2025-01-01 12:00 Hrs. | 2025-01-01 1:00 Hrs. |
| 2 | WID-DARG/SQ-18/081-82 | Construction of Canal & Canal Structure Works at Bhumikasthan-9,Arghakhanchi | 1439162.77 | 40000 | 1000 | 2025-01-01 12:00 Hrs. | 2025-01-01 1:00 Hrs. |
| 3 | WID-DARG/SQ-19/081-82 | Construction of RRM Wall & Maintenance Works at Bhumikasthan-10,Arghakhanchi | 959621.12 | 25000 | 1000 | 2025-01-01 12:00 Hrs. | 2025-01-01 1:00 Hrs. |
| 4 | WID-DARG/SQ-20/081-82 | Construction of Gabion Revetment Works at Sandhikharka-4 & Chhatradev-6, Arghakhanchi | 959009.42 | 25000 | 1000 | 2025-01-01 12:00 Hrs. | 2025-01-01 1:00 Hrs. |
| 5 | WID-DARG/SQ-21/081-82 | Construction of Canal & Canal Structure Works at Bhumikasthan -1 & 5,Arghakhanchi | 1917732.34 | 50000 | 1000 | 2025-01-01 12:00 Hrs. | 2025-01-01 1:00 Hrs. |
| 6 | WID-DARG/SQ-22/081-82 | Construction of Canal & Canal Structure Works at Chhatradev-8 & Sandhikharka-11, Arghakhanchi | 1247282.8 | 35000 | 1000 | 2025-01-01 12:00 Hrs. | 2025-01-01 1:00 Hrs. |
| 7 | WID-DARG/SQ-23/081-82 | Construction of Gabion Revetment Works at Sandhikharka-10 & 11,Arghakhanchi | 999344.83 | 25000 | 1000 | 2025-01-01 12:00 Hrs. | 2025-01-01 1:00 Hrs. |

2.Further Detail Regarding the Notice of Invitation for Bids,Interested Bidders is Requested to Visit The Office of WRIDDO,Arghakhanchi or The e-gp Portal www.bolpatra.gov.np/egp.

## Sainamaina Municipality

## Office of Municipal Executive

Buddhanagar, Rupandehi

# Invitation for Bids

**Date of first publication: 2081-09-01**

1. Sainamaina Municipality invites electronic bids from eligible bidders for the following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information at the office of Sainamaina Municipality, Buddhanagar, Rupandehi. Mailing address: sainamainamunicipality@gmail.com, telephone number: 071-440553 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidders must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of Rs.3000, in account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Agricultural Development Bank Ltd, Parroha Sakha
   Name of Office: Sainamaina Municipality Office
   Office Account no.: Internal Revenue Account
   A/C No. 0414201659915011
4. Pre-bid meeting shall be held at Sainamaina Municipality Office at 1:00 pm on 2081-09-21.
5. Electronic bids must be submitted to the office Sainamaina Municipality through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on 2081-10-03. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00 pm on 2081-10-03 at the office of Sainamaina Municipality. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format amounting to a minimum of as mentioned below shall be deposited in the bank A/C no. 0414201149244015 of Agricultural Development Bank Ltd, Parroha Sakha which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. The Office of Sainamaina Municipality, Buddhanagar, Rupandehi reserves the right to accept or reject any bid, and to annul the process and reject all bids at any time prior to award contract.

| Contract No. | Brief Description of Works | Estimated Cost(Without VAT and Cont) | Bid Security(Rs.) | Cost of Bid Document(Rs) |
|---|---|---|---|---|
| NCB/11/081-82 | Construction of Civil Infrastructures at Different Ward Offices, Health Centres and Schools | Rs. 1,06,95,324.09 | 3,10,000 | 3000 |

**Chief Administrative Officer**

## Rurukshetra Rural Municipality

## Office Of The Rural Municipal Executive

Ghiubensi, Gulmi
Lumbini Province

# Invitation for Bids

**Date of Publication: December 13, 2024(2081/08/28)**

**Office of Rurukshetra Rural Municipality, Ghiubensi, Gulmi** invites only electronic bids for the following works under National Competitive Bidding (NCB).

| S. No | Contract No./IFB No. | Estimated amount (Exclusive of VAT& contingencies) NRS | Name of the Project & Location | Price of bid Document NRS | Last Date of Bid Submission | Date and Time of Bid Opening | Bid Validity Period | Bid Security (Nrs) |
|---|---|---|---|---|---|---|---|---|
| 1. | ORRM-W-NCB-24-081/82 | 18,58,752.47 | Tunnel Construction (Ruru Krishi Pariyojana) | 3,000.00 | January 13, 2024 (2081/09/29) Before 12:00 hr | January 13, 2024 (2081/09/29) At 13:00 hr | 90/120 days | 63,000.00 |

1. Bidders may download the bidding document for e-submission from PPMO website www.bolpatra.gov.np/egp.
2. Information for depositing the cost of bidding document and Bid Security
   Name of Bank: Nepal Investment Mega Bank Ltd, Gulmi
   Office Name: Rurukshetra Rural Municipality
3. GA 1.1 RURU KSHETRA GA.PA. AANTARIK RAJASHO KHATA: 29001400000024 (For Bid Document Fee)
   Revenue Code Number (Rajaswo Shirshak Number): 14249 (Aanya Dastur)
4. GA 3.1 RURU KSHETRA GA.PA. DHARAUTI KHATA. : 29001400000116 (for Bid Security)
5. If the office happens to be closed on the date of opening of the bids as specified, the bids will be opened on the next working day at the same time and venue.
6. The person, firm or Company blacklisted as per Public Procurement Act-2063 with amendment, shall be inelegible to submit the bid and also the proprietor of such firm or Company shall be ineligible to submit the bid from another new firm or company.
7. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063 with amendment and Public Procurement Regulation-2064 with amendment and other prevailing regulations.
8. The Employer reserves the right to accept or reject,wholly or partly any or all the bids without assigning reason, whatsoever.
9. Eligible bidders may obtain further information from Rurukshetra Rural Municipality office during office hour or may visit PPMO web portal www.bolpatra.gov.np/egp

**Chief Administrative officer**

# 'यसपटकको मेला महामेला हुनेछ'

*बुटवल उद्योग वाणिज्य संघको आयोजनामा यहि पुसको ३ देखि १८ गतेसम्म बुटवलको अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल (बुटवल मण्डप) मा 'औद्योगिक व्यापार मेला, बुटवल-२०८१' हुँदैछ । २०४१ सालमा उपत्यका बाहिर बुटवलमा पहिलो पटक औद्योगिक प्रदर्शनी गरेको दाबी गर्ने बुटवल उद्योग वाणिज्य संघले २०५६ यता नियमित रुपमा औद्योगिक व्यापार मेला गर्दै आएको छ । बुटवलमा आयोजना हुने औद्योगिक व्यापार मेला बुटवलकै एउटा ब्राण्ड बन्न सफल भएको छ । अहिले बुटवल उद्योग वाणिज्य संघले मेलाको तयारीका कामलाई तिब्रता दिइरहेको छ । मेला तयारी साथै मेलाले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा पार्ने प्रभावका विषयलाई समेटेर बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष तथा मेला कार्यसम्पादन समितिका संयोजक हरिप्रसाद अर्यालसँग गरिएको संक्षिप्त कुराकानी :*




## हरिप्रसाद अर्याल
### अध्यक्ष
### बुटवल उद्योग वाणिज्य संघ तथा मेला कार्यसम्पादन समितिका संयोजक

**» *बुटवल उद्योग वाणिज्य संघको आयोजनामा बुटवलमा औद्योगिक व्यापार मेला सुरु हुँदैछ । तयारी कसरी अगाडि बढिरहेको छ ?***

२०८१ पौष ३ देखि १८ गतेसम्म सञ्चालन हुने औद्योगिक व्यापार मेला बुटवल उद्योग वाणिज्य संघले आयोजना गरेको २४औं मेला हो । अहिले हामी कुरा गरिरहँदा स्टल दर्ता, पूर्वाधार निर्माण, मेलाको प्रचार प्रसार, सबै तहका सरकारी निकायसँगको समन्वय, निजी क्षेत्रका अन्य व्यवसायिक संघ सस्थासँगको सहकार्य, कार्य सम्पादन समितिअन्तरगतका विषयगत समितिका नियमित बैठक जस्ता तयारीका सन्दर्भमा गर्नु पर्ने नियमित कार्यमा लागेका छौँ ।

मेला अन्तर्राष्ट्रिय प्रदर्शनी स्थल बुटवल मण्डपमा गर्न लागिएको र प्रदर्शनीय स्थल निर्माणधिन अवस्थामा रहेकाले यसको व्यवस्थापन, मेलाका लागि पूर्वाधार निर्माण जस्ता कार्यमा अलि धेरै समय दिनु परेको छ । त्यसका बावजुद पनि हामीले मेलालाई विशेष प्रकारको अठोट गरेका छौँ । त्यसैअनुसार कार्यसम्पादन समिति, विभागीय उपसमितिहरु आफ्नो-आफ्नो जिम्मेवारीअनुसारका काममा सक्रियतापूर्वक लागिरहेका छन् । त्यस यसबाहेक संघअन्तरगत गठन भएका बस्तुगत समितिहरुले पनि आफ्नो जिम्मेवारी बोध गरेर तयारीका काममा खटिईरहनु भएको छ ।

**» *बुटवल उद्योग वाणिज्य संघले विगतदेखि नै निरन्तर मेला आयोजना गर्दै आएको छ । विगतका मेला र अहिलेको मेलामा भिन्नता के छ ?***

बुटवलमा २०४१ सालमा उपत्यका बाहिर पहिलो पटक प्रवर्द्धनात्मक मेलाको सुरुवात गरेर गौरवशाली इतिहास बोकेको बुटवल उद्योग वाणिज्य संघले पचासको दशकको मध्यतिरबाट केही वर्ष लगातार र पछि गएर आलोपालो गर्दै औद्योगिक व्यापार मेला र विशिष्टिकृत गरी २३ वटा मेला सम्पन्न गरिसकेका छौँ । र २४औँ संस्करणको रुपमा यो मेलाको आयोजना र व्यवस्थापन गर्दैछौँ । यति धेरै मेलाको आयोजना र व्यवस्थापनको संस्थागत र कतिपय सन्दर्भमा व्यक्तिगत अनुभवले पनि एकपछि अर्को मेला परिष्कृत र व्यवस्थित हुँदै आएका छन् । यो मेलामा अनुभवको आधारमा बिगतका कमजोरी हटाउँदै बदलिंदो परिवेश, अवलोकनकर्ताको चाहाना, हाम्रो उद्देश्यबिच सन्तुलन मिलाउँदै फरकपन दिने प्रयास गरेका छौँ । स्टलको नक्साङ्कन (ले-आउट)परिवर्तन गर्ने प्रयास गरेका छौँ, यो परिवर्तनले उत्पादक, डिष्टिब्युटर्स र उपभोक्ता (अवलोकन कर्ता) बिच सहज र व्यवसायमैत्री वातावरण निर्माणमा बल पुऱ्याउने छ । स्टलको वरिपरि धुलोरहित बनाउने प्रयास गरेका छौँ । स्टेज अहिलेसम्मकै नविनतम बनाउँदैछौं । सम्भवत मेला महोत्सवहरुमा सय फुट लम्बाइको स्टेज पहिलो पटक बुटवल मण्डपमा बन्दैछ । बाल उद्यानमा विदेश घुम्न जाँदा डलरमा टिकट काटेर हेर्ने वाटर टनेल आउँदैछ । यी र यस्तै कैयौं कुराले मेलालाई निरन्तरतामा नविननता थपिदिएको छ । खासमा यसपटकको मेला महामेला हुनेछ ।

**» *यो मेलामा स्टल कति रहन्छ ? मेलाको अवलोकन कतिले गर्ने अपेक्षा गर्नुभएको छ र कारोबार कतिको गर्ने अपेक्षा गर्नुभएको छ ?***

बुटवलको मेला आफैँमा एउटा ब्राण्ड बनिसकेको छ । हामीले स्टल जती बनाएपछि स्टल नआउलाकी भन्ने डर छैन । तर पनि मेलाको एउटा उद्देश्य हुन्छ । त्यो उद्देश्य पूरा गर्नेगरी, व्यवस्थापनमा सहज हुनेगरी हामीले लक्ष्य निर्धारण गरेका छौं । मेला नितान्त मेलाका लागि मात्रै होइन । यो मेला बुटवलको साख पनि भएकाले बुटवलको साखलाई समेत जोगाउनेगरी फरक र राम्रो बनाउने हाम्रो प्रयास हो । यस हिसावले मेलामा भित्र (ईनडोर) र बाहिर (आउटडोर) गरी लगभग ५ सय स्टल रहनेछन् । मेलामा प्रत्यक्ष रुपमा ५ सय जनाले अवलोकन गर्ने र मेलाभित्र १५ करोडको कारोबार हुनसक्ने भन्ने आँकलन गरेका छौँ ।

**» *अहिले बजारैपिच्छे मेला महोत्सव आयोजना भइरहेका छन् । तर बुटवलको मेला राष्ट्रिय रुपमै एउटा ब्राण्डको रुपमा स्थापित भएको छ । अरु मेला र बुटवलको मेलामा के अन्तर छ ?***

जसले पनि, जहाँ पनि र जसरी पनि मेला तथा महोत्सव आयोजना गर्दा मेला तथा महोत्सवको साख गिरिरहेको छ । संस्थाको व्यानरमा ठेकेदारमार्फत् चल्ने मेला महोत्सव सामाजिक र व्यवसायिक मर्यादा नाघ्दा संस्थागत रुपमा स्वयम्सेवीद्वारा आयोजना हुने मेलाहरु समेत अविश्वाशिला बनेका छन् ।

मेलाहरु दिगो व्यापारको उद्देश्यभन्दा तात्कालिक लाभमा मात्र केन्द्रित भएका कारण इमान्दार आयोजक समेत बदनाम भएका छौँ । तथापि बुटवलको मेला प्रति एक तहको विश्वास र आकर्षण छ । हामी सबै आलोपालोमा मेला, प्रदर्शनी वा एक्स्पो जे-जे नाममा आयोजना भएको भए पनि यसको साख बचाउन लागिपरेका छौँ । त्यसैमा पनि बुटवल उद्योग वाणिज्य संघ २०१० सालमा स्थापित बुटवलको जेठो संस्था, २०४१ सालमा ऐतिहासिक प्रदर्शनी गरेको संस्था भएका कारण पनि हामी थप जिम्मेवारी बोध गर्ने गरेका छौँ । यसरी मेला अवलोकनकर्ताको विश्वास जितेका कारण बुटवलको मेला आफैँमा ब्राण्ड बन्न सफल भएको हो ।

**» *मेलामा 'लगानी लुम्बिनीमा, समृद्धि देशमा' भन्ने नारा तय गरिएको छ । नाराअनुसार लुम्बिनीमा लगानी अभिवृद्धि हुने सम्भावना कस्तो देख्नुहुन्छ ?***

हामीले तय गरेको नारा कुनै लहडमा सस्तो लोकप्रियताका लागि भनिएको होइन । हाम्रो अवस्थिति, सडक र संरचनागत पूर्वाधार, बुद्धको जन्मभूमि लुम्बिनी, रुपन्देहीमा रहेको दक्षिणतर्फको देशकै प्रमुख भन्सार नाका, अन्तर्राष्ट्रिय विमानस्थललगायतको पूर्वाधारसँगै मोतीपुर औद्योगिक क्षेत्र निर्माण प्रकृयाको आशामा देशकै करिव मध्य भागमा पर्ने रुपन्देही लगानीकर्ताको लागि भरोसा योग्य स्थल बन्न सक्छ भन्ने हाम्रो विश्वास हो । २/४ वर्ष अघि पछि होला समुन्नत नेपाल निर्माणको आधारभूमि लुम्बिनी प्रदेश त्यसमा पनि रुपन्देही, कपिलवस्तु र पश्चिम नवलपरासी नै हो । रुपन्देहीमा लगानीका लागि राम्रो सम्भावना पनि छ । तर नीतिगत ऐन कानुनको सुधारमा सरकारले ध्यान दिने हो भने रुपन्देही देशकै लगानीको पनि केन्द्र बन्नु सक्छ । यसको प्रवर्द्धनका लागि पनि मेला फलदायी हुनेछ भन्ने हाम्रो विश्वास हो ।

**» *मेलाले स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रलाई चलायमान बनाउला ?***

मेलालाई दुई कोणबाट हेर्नुपर्छ । पहिलो तत्कालिक हिसाबले मेला अवधिमा हुने जमघट, किनमेल र मनोरञ्जनात्मक गतिविधिले एउटा स्तरको चलायमान गराउँछ । जुन अल्पकालिन हुन्छ । अर्कोस्थायी रुपमा चलायमान गराउने भनेको उद्यमशिलताको विकास, ब्राण्ड प्रमोसन, व्यापारको विविधिकरण, ग्राहकको सेण्टिमेट बुझ्ने अवसरको कारण नयाँ बस्तु र सेवाको बिस्तार हुनगइ बजार थप गतिशिल र चलायमान गराउन मद्दत पुऱ्याउँछ । त्यसले स्थानीय मात्रै नभई राष्ट्रिय अर्थतन्त्रमा पनि योगदान गर्छ ।

**» *मेलामा कृषि पेभिलियन पनि राख्ने कुरा छ । यसले किसानलाई के फाइदा हुन्छ ?***

बुटवल उद्योग वाणिज्य संघले लगातार दुई वर्ष विशिष्टिकृत कृषि मेलाको आयोजना गर्छ र औद्योगिक व्यापार मेलाको पालोमा मेलामै कृष पेभेलियनमार्फत् कृषकको आत्मबल बढाउँदै ढाडस दिने, उत्पादित कृषि उपजको बजारीकरण गर्ने, उत्पादन लागत घटाउन र खान योग्य बस्तुको उत्पादनका प्रोत्साहन गर्ने गरी काउन्सिलिङ गर्ने व्यवस्था मिलाउने प्रयास गरेका छौँ । नेपाल कृषि प्रधान देश हो ।

कृषिका माध्यमबाट मुलुकको अर्थतन्त्रमा योगदान गर्न सकिन्छ । विशेष गरी मुलुकको अर्थतन्त्र सुधारका लागि प्रविधिको प्रयोग, वैज्ञानिक कृषि प्रणालीका माध्यमबाट कृषिमा व्यवसायिक विकास, कृषिमा आधारित औद्योगिक विकास अपरिहार्य छ । त्यसका लागि युवा लगानीकर्तालाई प्रोत्साहनगरी कृषिमा लगानी अभिवृद्धि, कृषि प्रणालीमा प्रविधिको प्रयोग गरी वैज्ञानिक कृषि प्रणालीका माध्यमबाट उत्पादकत्व वृद्धिका लागि प्रवर्द्धन गर्न खोजिएको हो । त्यतिले मात्रै पुग्दैन । बस्तुको उत्पादनसँगै त्यसमा आधारित औद्योगिक विकास पनि आवश्यक छ । यी सबैकुरामा लगानी अभिवृद्धि होस् भन्ने हाम्रो चाहना हो ।

**» *मेलामा यस क्षेत्रको पर्यटन प्रवर्द्धनको लागि कस्ता कार्यक्रम बनाउनु भएको छ ?***

स्थानीय पर्यटन प्रवर्द्धनकालागि सार्वजनिक यातायातको कनेक्टिभिटि अत्यन्त महत्वपूर्ण विषय हो । हामी यसमा चुकेकै छौँ । क्षेत्रीय र राष्ट्रियस्तरको पर्यटन प्रवर्द्धन आन्तरिक हवाइ कनेक्टिभिटी, होटल र टुर्स एण्ड ट्राभल्सले आन्तरिक प्रवर्द्धन गर्न सहुलियत पुर्ण प्याकेज चलाउन प्ररित गर्ने गरी पर्यटन प्रवर्द्धनका कार्यक्रमहरु समावेश गर्नेछौँ । लुम्बिनी राष्ट्रिय मात्रै नभएर अन्तर्राष्ट्रिय पर्यटनको गन्तव्य हो । त्यस्तै बुटवलमा ऐतिहासिक जितगढी किल्ला छ । लुम्बिनी सर्किटलाई प्रवर्द्धन गर्नेगरी मेलाको मुख्य प्रवेशद्वारमा बौद्ध स्तुपा बनाएका छौँ । त्यसैगरी नेपालले अंग्रेजलाई हराएको ऐतिहासिक जितगढी किल्लाको प्रचार प्रसारका लागि मेलाको स्टेज जितगढी किल्लाको आकृति बनाएका छौँ । यसले यस क्षेत्रको पर्यटकीय प्रवर्द्धन गर्ने हाम्रो विश्वास छ ।

**» *विगतमा खुल्ला आकाशमुनी मेला महोत्सव हुने गरेको थियो । अहिले प्रदर्शनी स्थल निर्माणधिन अवस्थामा छ । निर्माण हुँदै गरेको प्रदर्शनी स्थलमा मेलाको व्यवस्थापनमा कत्तिको सहज भएको छ ?***

खासगरी छाना लगाउने बाहेकका पहिल्यैदेखि गर्दै आएका सबै कार्यहरु अहिले पनि गर्न परिरहेकै छ । निर्माण कार्य पूर्णरुपमा सम्पन्न नभएका कारण सरसफाइ गर्न र स्टल निर्माण कार्य थप जटिल भएको छ । तथापि सुव्यवस्थित पार्किङ, अधुरै भए पनि आधुनिक संरचनामा स्टल निर्माण गर्दाको अनुभूति फरक नै छ । प्रदर्शनी स्थल निर्माणले पूर्णता पाएपछि सुव्यवस्थित रुपमा मेला सञ्चालन गर्न सकिएका की भन्ने आशा गर्न सक्छौं ।

**» *मेला आयोजना गर्दा सरकारी तथा अन्य संघसंस्थासँगको सहकार्य कस्तो छ ?***

हामी बुटवल मण्डपमा मेला आयोजना गर्ने संघ सस्था, अन्य संघ संस्था, राजनैतिक दल, नागरिक समाज, सञ्चार जगत र खासगरी बुटवलको स्थानीय सरकार बुटवल उप-महानगरपालिकाबिच समन्वय र सहयोग सहज छ । व्यवस्थापन र नाफा नोक्सान बुटवल उद्योग वाणिज्य संघको भए पनि आयोजक सबै बुटवलवासी भएको महशुस अनुभूति गर्ने गर्नु भएको छ । यसले आयोजक र व्यवस्थापनमा ठूलो ढाडस प्राप्त भएको छ ।

**» *अन्त्यमा के भन्नुहुन्छ ?***

यो मेला बुटवल उद्योग वाणिज्य संघले आयोजना गरेको भए पनि समग्र रुपन्देहीको मेला हो । यो मेला सफल हुँदा सिंगो रुपन्देहीको साख रहने छ । त्यस्तै उत्पादक र उपभोक्ताको पनि हो यो मेला ।

यस हिसाबले सबैलाई मेला सफल बनाउनको लागि सहयोग गर्न विशेष अनुरोध गर्दछु । त्यसैगरी उत्पादकलाई मेलामा स्टर राख्न र उपभोक्तालाई अवलोकनको लागि पनि विनम्रतापूर्वक अनुरोध गर्दछु ।

# मेयरको पारिश्रमिकबाट १४६ जनालाई छात्रवृत्ति

तिलोत्तमा । तिलोत्तमा नगरपालिकाका प्रमुख रामकृष्ण खाँणले आफूले प्राप्त गर्ने मासिक पारिश्रमिक र सेवा सुविधा वापतको रकमबाट सात लाख ३० हजार रुपैयाँ छात्रवृत्ति बाँडेका छन् । नगर प्रमुखले नगरभित्रका ४२ वटा सामुदायिक विद्यालयका १४६ जना विद्यार्थीलाई प्रति विद्यार्थी ५ हजार रुपैयाँका दरले छात्रवृत्ति वितरण गरेका हुन् । नगर प्रमुख खाँणले आफू निर्वाचित भएको वर्षदेखि नै आफूले पाउने पारिश्रमिक वापतको रकम छात्रवृत्ति वितरण गर्दै आएका छन् । यसैगरी तिलोत्तमा नगरपालिकाले कक्षा ८, एसईई र कक्षा १२ को नतिजामा उत्कृष्ट नतिजा ल्याएका १२ विद्यालयका १९ जना विद्यार्थीलाई प्रति विद्यार्थी ६ हजार रुपैयाँ र प्रशंसापत्रले सम्मान गरेको छ ।

उत्कृष्ट विद्यार्थीको सम्मान पाउनेमा प्यारामाउन्टका अंकित न्यौपाने, शान्ति नमूनाका सन्देश खनाल, सदिक्षा खड्का, नमूना भूसाल, युनिक भुर्तेल, अनिश पन्थ, रुस्मा भट्टराई र सत्यदेव मौर्य, सिद्धार्थ बोर्डिङका कविता सूर्यवंशी, आस्मा अधिकारी, होराइजन जीबीएसका मयंक भुसाल, सक्षम भण्डारी, समृद्धि पाण्डेय, दिवस पाण्डे र रचना सापकोटा, पामिर इन्टरनेसनल एकेडेमीका एन्जिल पाण्डे रहेका छन् । यस्तै जनज्योति माविका बसन्त पन्थी, शंकरनगर दुर्गादत्त माविका हर्षिता घिमिरे तथा तिलोत्तमा माविकी श्रद्धा भट्टराईले पनि उत्कृष्ट विद्यार्थीको सम्मान पाएका छन् ।

विद्यार्थीहरुलाई छात्रवृत्ति वितरण कार्यक्रममा बोल्दै नगर प्रमुख खाँणले गरिब, जेहेन्दार र उत्कृष्ट विद्यार्थीको पठनपाठनमा सहयोग पुगोस् भनेर चुनावी घोषणापत्रमा वाचा गरेअनुसार आफ्नो पारिश्रमिकबाट छात्रवृत्ति वितरण गरिएको बताए । उनले पढ्ने ईच्छा भएर पनि आर्थिक अभावले बिचमै पढाइ छाड्नुपर्ने बाध्यता आउन सक्ने विद्यार्थीलाई छात्रवृत्ति रकमले पढाइमा टिक्न सहयोग पुग्ने बताए । 'म धनी भएकाले पैसा बाँडे भनेर प्रचार गर्न दिएको होइन, कुनै पनि बालबालिकाले पढ्ने अधिकारबाट वञ्चित हुनु हुँदैन भन्ने मान्यता आत्मसाथ गर्दै आफ्नो पारिश्रमिक बाँडेको हुँ ।'-खाँणले भने ।

कार्यक्रममा बोल्दै नगर उप-प्रमुख जगेश्वरदेवी चौधरी, प्रमुख प्रशासकीय अधिकृत नारायण अर्याल, शिक्षा शाखा प्रमुख गंगाराम आचार्य, शाखा अधिकृत शारदा भट्टराईलगायतले छात्रवृत्तिको रकमलाई आफूलाई चाहिने पोशाक तथा कापी, किताबमा मात्रै खर्च गर्न विद्यार्थीलाई आग्रह गरे । जनप्रतिनिधिले आफ्नो पारिश्रमिकबाट छात्रवृत्ति वितरण गर्नु अरु जनप्रतिनिधिको लागि अनुशरणयोग्य भएको उनीहरुले बताए । तिलोत्तमा नगरपालिकाका पूर्व मेयर बासुदेव घिमिरेले पनि आफूले पाउने मासिक पारिश्रमिक र सेवा सुविधाको रकम पाँच वर्ष नै सामुदायिक विद्यालयका विद्यार्थीलाई छात्रवृत्ति बाँडेका थिए ।


लुम्बिनी प्रदेश सरकार
उद्योग, पर्यटन तथा यातायात मन्त्रालय
उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय
घरेलु तथा साना उद्योग कार्यालय
नवलपरासी (ब.सु.पश्र्चिम)

## उत्कृष्ट उद्यमी सम्मान सम्बन्धी सूचना ।

**सूचना प्रकाशित मितिः२०८११०९१०२**

प्रस्तुत विषयमा यस कार्यालयको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार नवलपरासी जिल्ला भित्र उद्योग दर्ता गरी संञ्चालन गरिरहेका लघु, घरेलु तथा साना उद्यमीहरुमध्येबाट कम्तीमा एक (१) जना महिला सहित पाँच (५) जना उद्यमीलाई "उत्कुष्ट उद्यमी सम्मान कार्यविधि, २०८१" बमोजिम नगद पुरस्कारबाट सम्मान गर्ने कार्यक्रम रहेको हुदाँ उक्त कार्यविधि अन्तर्गत उत्कृष्ट उद्यमी सम्मान प्राप्त गर्न आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र घरेलु तथा साना उद्योग कार्यालय, नवलपरासीमा आवेदन पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

क. लुम्बिनी प्रदेशमा स्थायी बसोबास भई नवलपरासी जिल्लामा उद्यम गरिरहेको नेपाली नागरिक
ख. उद्यमी स्वयं आफै सञ्चालक भई व्यवसाय दर्ता र सञ्चालन गरेको,
ग. विगत २ वर्षदेखि निरन्तर उद्यम गरिरहेको,
घ. नियमित रुपमा सरकारलाई तिर्नुपर्ने कर बुझाएको र आफ्नो व्यवसायको लेखापरिक्षण गराएको,
ङ. पछिल्लो ३ वर्षमा कुनै पनि सरकारी निकायबाट पुरस्कार तथा सम्मान प्राप्त नगरेको ।

**आवश्यक कागजातहरु**

१. अनुसुची २ बमोजिमको आवेदन,
२. नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
३. उद्योग दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रतिलिपि,
४. उद्योगको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,
५. पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि,
६. पछिल्लो आ.व.को लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि,
७. उद्यमी लक्षित समूहमा पर्ने भएमा सो समूह खुल्ने प्रमाणित कागजात
८. उद्यमीले पछिल्लो ३ आ.व. मा कुनै पनि सरकारी निकायबाट सम्मान तथा पुरस्कार प्राप्त नगरेको स्वघोषणा पत्र
९. आवेदन फाराम घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीको, वेवसाइट csinawalparasi/p5.gov.np बाट डाउनलोड गरी प्राप्त गर्न सकिनेछ । साथै यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा कार्यालयको फोन नं. ०७८-५२०१६९ वा सूचना अधिकृत कृष्ण काफ्लेको फोन नं. ९८५७०४८१६९ मा सम्पर्क अनुरोध छ ।

**पुरुषोत्तम पौडेल**
**उद्योग अधिकृत**



## अनुरोध

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पढ्हुँच सुनिश्चित जरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- पनी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पतिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबै खालका विभेदको अन्त्य जरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

**सरावल गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**नवलपरासी (ब.सु.प.), लुम्बिनी प्रदेश,नेपाल**



## चिसो मौसममा देखिने स्वास्थ्य समस्या

**चिसो तथा शीतलहरको समयमा,**

- मौसमी रुघाखोकी, भाइरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखाला, छाला चिलाउने र सुख्खा हुने, जोर्नी दुखाई, पिनास (साइनसाइटिस), टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- यो रोगले बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरु बढी प्रभावित हुन्छन् ।
- उनीहरुको विशेष ख्याल राखौं ।
- बाक्लो र न्यानो कपडा लगाऔं ।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं ।
- स्वास्थ्यमा ध्यान दिऔं, कुनै समस्या देखिए नजिकैको स्वास्थ्य संस्थामा जाऔं ।

**नेपाल सरकार विज्ञापन बोर्ड**


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www. dainiklumbini.com